# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७५।११।१३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------

नेपाल विद्युत प्राधिकरण, बानेश्वर वितरण केन्द्र,पुरानोबानेश्वरको नयाँ दर्ता शाखामा कार्यरत सुपरभाइजर(पाचौं तह) महेन्द्र प्रधानले विद्युत क्षमता वृद्धि गरिदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गालबाट खटिई गएको टोलीले निज सुपरभाइजर(पाचौं तह) महेन्द्र प्रधानलाई सेवाग्राहीसँग रु.१५,०००।- (पन्ध्र हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज सुपरभाइजर(पाचौं तह) महेन्द्र प्रधानले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.१५,०००।— (पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता